**नेपाल सरकार**

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाण्डौं ।

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्याः-२०८०/८१ च.नं. ६४७

मिति २०८०/०९/१७

**<u>बिषय : परिपत्र सम्बन्धमा ।</u>**

**<u>श्री स्थानीय तह, सबै ।</u>**

प्रस्तुत बिषयमा साविक स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) बाट स्थानीयतहहरुमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ बमोजिम समायोजन भएको एवम् संघीय तथा प्रदेश लोक सेवाबाट स्थानीय तहहरुमा सिफारि भई कार्यरत कर्मचारीहरुको उपदान, निवृत्तीभरण, उपचार खर्च तथा सञ्चित विदाको रकम सम्बन्धमा कतिपय स्थानीय तहबाट रकम माग गरी मन्त्रालयमा पठाउने साथै सम्बन्धित कर्मचारीहरुले निवेदन पेश गरी सेवा सुविधा माग गरेको अवस्था रहेको देखिन्छ ।

**"स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा अवकाश कोषको व्यवस्था छ । दफा(१) मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकाश प्राप्त हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकाशकोष स्थापना गर्नुपर्नेछ, उपदफा (१) बमोजिमको कोषमा स्थानीय तहले आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गरिदिनुपर्ने छ । स्थानीय सेवाका कर्मचारीहरु अवकाश हुँदा कानून बमोजिम पाउने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार लगायत सबै सुविधा उपदफा १ बमोजिमको कोषबाट उपलब्ध गराउनुपर्नेछ साथै यस दफा बमोजिमको अवकाश कोषको रकम अन्य प्रयोजनको लागि खर्च गरिनेछैन भन्ने व्यवस्था छ ।"**

अतः उल्लेखित कानूनी व्यवस्था अनुरुप प्रत्येक स्थानीयतहहरुले अवकाश कोषको स्थापना/सञ्चालन/व्यवस्थापन नगर्दा दिर्घकालीन दायित्व बढ्दै जाने तथा कर्मचारीले सेवा सुविधाबाट बञ्चित हुने अवस्था समेत सृजना हुने भएकोले उक्त कानूनी व्यवस्थाको पालना गरी अवकोश कोषको अनिवार्य व्यवस्थापन गर्नुहुन नेपाल सरकार(सचिवस्तर) को मिति २०८०/०९/१७ गतेको निर्णयानुसार अनुरोध छ । साथै माथि उल्लेखित कोष स्थापना भए नभएको सम्बन्धमा एक महिनाभित्र यस मन्त्रालयलाई जानकारी गराउन समेत अनुरोध छ ।

वैकुण्ठ प्रसाद सापकोटा
उपसचिव

**<u>बोधार्थः-</u>**

श्री सूचना तथा प्रविधि शाखा : सबै स्थानीयतहहरुलाई इमेल मार्फत परिपत्र गरिदिनुहुन ।